# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः ८ मितिः २०८१।११।२५

## भाग-२

# सुनिलस्मृति गाउँपालिका गाउँपालिकाको कार्यालय सुलिचौर, रोल्पा उच्च शिक्षा छात्रवृति व्यवस्थापन कार्यविधि-२०८१

**प्रस्तावनाः**

यस सुनिलस्मृति गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा कक्षा १२ पूरा गरी उच्च शिक्षा अध्ययन गरिरहेका जेहेन्दार एवम् विपन्न वालवालिकालाई उच्च शिक्षा अध्ययन गर्नको लागि प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले गाउँ कार्यपालिकाबाट यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भइ राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

(३) यो कार्यविधि सुनिलस्मृति गाउँपालिका भित्रका स्थायी ठेगाना भएकाहरुको लागि मात्र लागु हुनेछ।

## परिच्छेद-२

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(१) "गाउँपालिका" भन्नाले सुनिलस्मृति गाउँपालिकालाई जनाउँछ।

(२) "अध्यक्ष" भन्नाले सुनिलस्मृति गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

(३) "उच्च शैक्षिक संस्था" भन्नाले स्नातक वा सो भन्दा माथिल्लो तहको अध्यापन गराउन प्रचलित कानुन बमोजिम स्थापना भइ सञ्चालनमा रहेको विश्वविद्यालय, विश्वविद्यालय अन्तर्गतका स्कूल वा केन्द्रीय विभाग वा आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पस (महा विद्यालय) लाई सम्झनु पर्छ र सो शब्दले उच्च शिक्षा प्रदान गर्न प्रचलित कानु बमोजिम स्थापना भएका प्रतिष्ठान समेतलाई जनाउँछ।

(४) "छात्रवृत्ति" भन्नाले यसै कार्यविधिले तोकेका आधार अनुसार छनौट भएका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्नको लागि गाउँपालिकाले प्रदान गरेको सुविधालाई जनाउँछ।

(५) "उच्च शिक्षा छात्रवृत्ति समिति" भन्नाले यस कार्यविधिको दफा ४ को उपदफा १ बमोजिम गठन हुने उच्च शिक्षा छात्रवृत्ति वितरण समितिलाई जनाउँछ।

## परिच्छेद-३

**३. उद्देश्य**: यस कार्यविधिका उद्देश्यहरु निम्न लिखित रहेका छन्ः

(१) छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउनु,

(२) लक्षित वर्गका विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु,

(३) छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरुको भूमिका स्पष्ट पार्नु,

## परिच्छेद-४

**४. समिति सम्बन्धी व्यवस्था**: (१) गाउँपालिका स्तरीय उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन समिति सम्बन्धी व्यवस्था सुनिलस्मृति गाउँपालिकामा देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति व्यवस्थापन समिति गठन हुनेछ।

| | |
|---|---|
| क)सुनिलस्मृति गाउँपालिकाको अध्यक्ष- | अध्यक्ष |
| ख)सुनिलस्मृति गाउँपालिकाको उपाध्यक्ष- | सदस्य |
| ग)प्रमुख प्रशासकीय अधिकृत - | सदस्य |
| घ) सामाजिक विकास समिति संयोजक | सदस्य |
| घ) शिक्षा शाखा प्रमुख- | सदस्य-सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिले शिक्षा क्षेत्रका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ। बैठक

सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले तयार गरे बमोजिम हुनेछ।

(३) गाउँपालिका स्तरीय उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाबाट उपलब्ध गराउने उच्च शिक्षा सम्बन्धी छात्रवृत्ति सम्बन्धी आवश्यक नीति तथा मापदण्ड निर्धारण गर्ने।

(ख) आवश्यकतानुसार बढिमा १ लाखको परिधिमा रहेर छात्रवृत्ति रकम निर्धारण गर्ने।

(ग) छात्रवृत्तिको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने।

(घ) छात्रवृत्तिको प्रभावकारिता सम्बन्धमा अनुसन्धानात्मक कार्य गर्ने।

## परिच्छेद-५

**५. लक्षित समुह :** (१) सुनिलस्मृति गाउँपालिका भित्रका स्थायी ठेगाना भई नेपालमा उच्च शैक्षिक संस्थामा उच्च शिक्षा अध्ययन गरिरहेका विपन्न तथा जेहेन्दार विद्यार्थी यस छात्रवृत्ति कार्यक्रमका लक्षित समुह हुनेछन्।

(२) उपदफा १ बमोजिम उच्च शिक्षा अध्ययन गरिरहेको संकायः

(क) कृषि तथा पशु विज्ञान

(ख) चिकित्सा शिक्षा

(ग) इन्जिनियरिङ

(घ) सूचना तथा प्रविधी

## परिच्छेद-६

**६. छात्रवृत्ति कार्यान्वयन तथा छनौट प्रक्रिया :** (१) गाउँपालिकाले उच्च शिक्षा छात्रवृत्ति उपलब्ध गराउन पूर्व छात्रवृत्ति प्राप्त गर्न निवेदनको लागि पन्ध्र दिनको सूचना प्रकाशन गर्नेछ।

(२) विद्यार्थीले सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र अनुसूचि –१ बमोजिम पालिकामा निवेदन दिनु पर्नेछ।

(३) विद्यार्थी यस गाउँपालिकाको स्थायी ठेगाना भएको व्यहोरा सम्बन्धित वडा कार्यालयबाट प्रमाणित हुनुपर्नेछ।

(४) माध्यमिक शिक्षा (कक्षा ९-१२) सामुदायिक विद्यालयमा अध्ययन गरेको सम्बन्धित विद्यालयबाट व्यहोरा प्रमाणित गरेको सिफारिस पत्र।

(५) निवेदनसाथ प्राप्त कागजातहरुको अध्ययन गरी समितिको वैठकबाट निर्णय गराइ छात्रवृत्ति उपलब्ध गराइनेछ।

## परिच्छेद-७

**७ छात्रवृत्ति उपलब्ध नगराइने :** (१) यस सुनिलस्मृति गाउँपालिका भन्दा बाहिरको स्थायी ठेगाना भएका।

(२) सम्पन्न परीवारको वालवालिकालाई।

(३) माध्यमिक शिक्षा कक्षा ९-१२ संस्थागत विद्यालयमा अध्ययन गरेको विद्यार्थी।

(४) एक पटक उच्च शिक्षा छात्रवृत्ति प्राप्त गरिसकेको विद्यार्थीलाई सम्बन्धित तह वा कक्षा/सेमेष्टरमा।

(५) आवेदन दिन समयमा स्नातक तहको लागि २५ वर्ष र स्नातकोत्तर तहको लागि ३० वर्ष उमेर पुरा भएको।

## परिच्छेद-८

**८ भुक्तानी प्रक्रिया:** (१) छात्रवृत्ति वापत उपलब्ध गराइने रकम सम्बन्धित विद्यार्थीको खातामा रकम जम्मा गरिनेछ।

(२) छात्रवृत्तिको रकम प्रति कक्षा/सेमेस्टर एक पटक मात्र रकम उपलब्ध गराइने छ।

**९. कोषको व्यवस्था:** (१) सुनिलस्मृति गाउँपालिकाले प्रत्येक बर्षको गाउँसभावाट निश्चित रकम उच्च शिक्षा छात्रवृत्ति कोषमा जम्मा गर्दै लगिनेछ।

(२) छात्रवृत्ति रकमको दर कोषको अवस्था हेरी समितिबाट निर्णय भए अनुसार हुनेछ।

**१०. विविध:** (१) यस कार्यविधि जारी हुनु भन्दा अगाडि भए गरेका छात्रवृत्ति सम्बन्धी सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिने छ।

(२) यस कार्यविधिमा व्यवस्था गरिएको बाहेक अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

(३) संशोधन तथा खारेजी: यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा गाउँ कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ।

अनुसूची–१

(परिच्छेद ६, दफा ६ को उपदफा(२) सँग सम्बन्धित)

उच्च छात्रवृत्तिको लागि पालिकामा दिइने निवेदनको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुनिलस्मृति गाउँपालिका सुलिचौर, रोल्पा ।

विषयः उच्च शिक्षा छात्रवृत्तिको लागि छनौट गरिदिनुहुन ।

महोदय,

उपरोक्त सम्बन्धमा यस सुनिलस्मृति गाउँपालिकाको मिति............ सूचनानुसार यस गाउँपालिका अन्तर्गत स्थायी ठेगाना भई उच्च शिक्षामा अध्ययन गरिरहेको जेहेन्दार तथा विपन्न विद्यार्थीलाई उच्च शिक्षा छात्रवृत्ति प्राप्त गर्न निवेदन पेस गर्न सूचना भएकोले म यस सुनिलस्मृति गाउँपालिका वडा नं.-…., ………….. स्थायी ठेगाना भएको र हाल श्री ………………………………………………….. मा ……………कक्षा/सेमेष्टरमा अध्ययन गरिरहेकोले र सो छात्रवृत्ति प्राप्त गर्नको लागि आवश्यक कागजात सहित निवेदन पेस छु ।

निवेदकको दस्तखत:

नाम:

रोल नं:

कक्षा/सेमेष्टर:

सम्बन्धित शैक्षिक संस्थाले प्रमाणित गर्नुपर्ने

शैक्षिक संस्थाको नाम:

शैक्षिक संस्थाको छापः

ठेगानाः

शैक्षिक संस्था प्रमुखको दस्तखतः

नामः

पदः

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. सम्बन्धित शैक्षिक संस्थामा भर्ना भएको प्रमाण,
३. पछिल्लो शैक्षिक उपाधिको मार्कशिट/ट्रान्सक्रिप्ट प्रतिलिपि
४. आर्थिक रुपले विपन्न एवम् यस गाउँपालिकामा स्थायी ठेगाना भएको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५. विद्यार्थीको डिजिटल बैंक खाताको विवरण।

**आज्ञाले**
**नागेन्द्र प्रसाद रिजाल**
**प्रमुख प्रशासकीय अधिकृत**